श्री विन्ध्यावासिनी सामुदायिक वन उपभोक्ता समूह
कोहलपुर-८, नयाँवस्ति, बाँके

## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकासित मितिः- २०८१/०४/०८ मंगलबार

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २७४३ मिति २०८०/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं.४४३७ मिति २०८१/०३/३१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका खयर जातका गोलिया थान ५०२ को ४५८.७९ क्यु.फि. काठ लाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

तपसील

| लट.नं. | सि.नं. | जात | गोलिया थान | परिमाण घ.फी. | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खयर | ५०२ | ४५८.७९ | १००० | ४५८७९० | ६८८१८.५ | |
| कूल जम्मा | | | ५०२ | ४५८.२४ | १००० | ४५८७९० | ६८८१८.५ | |

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०४/२९ कार्यालय समय सम्म ।
२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/४०/३० कार्यालय समय सम्म ।
३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको राष्ट्रिय वाणिज्य वैंक, नेपालगंज शाखामा रहेको हिसाव नं. ४१३०१००००६७२१००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।
४. बोलपत्र फारम रु १०००/- (पछि फिर्ता नहुने गरि) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरीद तथा दाखिला गर्न सकिनेछ।
५. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्धीगा गइ हेर्न सकिनेछ ।
६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठदाउरामा आधारित उघोगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाण-पत्र, कर दर्ता/चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्दी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नं.(पि.पि.एन.) दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कारोवार गर्न अनुमति पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
७. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८१/०४/३० गते दिउसो २:३० बजे समूहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । वोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिनेछ ।
८. बोलपत्र खरीद दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।
९. लिलाम बिक्रि सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम, मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुटै वुझाइ लिलाम चढेका वन पैदावार तोकिएको अवधी भित्र उठाइ लैजानु पर्नेछ ।
१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ ।
११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ ।
१२. छुट्टाछुटै लटका लागि अलग अलग सिलबन्दी खाम प्रयोग गर्नु पर्नेछ ।
१३. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।